# चामुण्डा विन्द्रासैनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## जम्वुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०७६/०७७ (सुचना प्रविधि शाखा)
च.नं.

मिति : २०७६।०५।०३

**सामाजिक सुरक्षाा भत्ताको लागी नाम दर्ता तथा नवीकरण गर्ने सम्बन्धी सुचना**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ बमोजिम यस नगरपालिका क्षेत्र भित्रका जेष्ठ नागरिक दिर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा अन्तरगत परिचय पत्र प्राप्त गरि सोही अनुसार भत्ता प्राप्त गरिरहेका व्यक्तिहरुको साविक परिचय पत्र नविकरण गर्न र देहाय अनुसारको लक्षित वर्गका नागरिकहरुले र जेष्ठ नागरिकहरुको हकमा आगामी आर्थिक वर्ष ०७७/०७८ र अन्य हकमा चालु आर्थिक वर्षको ०७६/०७७ को दोश्रो चौमासिक देखिंनै भत्ता पाउने गरि नया परिचय पत्र प्राप्त गर्ने प्रयोजनका लागी देहाय अनुसारका कागजात संलग्न राखी जेष्ठ नागरिकको हकमा मिति २०७६ मंसिर मसान्त र अन्यको हकमा कात्तिक

मसान्त भित्र सम्वन्धित वडाका लक्षित वर्गका नागरिकहरुले आ-आफ्नो वडा कार्यालयमा निवेदन दिनहुन जानकारी गराइन्छ । रितपूर्वक पेश नभएको निवेदन उपर कुनै कारवाहि नहुने व्यहोरा समेत यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

**लक्षित वर्ग**

१. जेष्ठ नागरिक अन्य : २०७८ साल फाल्गुन मसान्तसम्म ७० वर्ष पुरा हुने नागरिक ,
२. जेष्ठ नागरिक दलित : २०७८ साल फाल्गुन मसान्तसम्म ६० वर्ष पुरा हुने नागरिक ,
३. एकल /विधवा महिला : एकल विधवा भएपछि जुनसुकै समयमा,
४. पूर्ण /अति अशक्त अंपाग : अंपाग परिचय प्राप्त गरेपछि ,
५. दलित/विपन्न वर्गका बालबालिका : जन्मदर्ता प्रमाणपत्रका आधारमा जुनसुकै समयमा ,

**आवश्यक कागजातहरु :**

१)सवै लाभग्राही वर्गको २/२ प्रति पासपोर्ट साइजको फोटो बालबालिकाको हकमा संरक्षकको २ प्रति फोटो ,
२).बालबालिकाको हकमा जन्मदर्ता प्रमाण पत्रका साथै संरक्षको नागरिकताको प्रमाणपत्र र अन्यको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ,
३.)एकल महिलाको हकमा अविवाहित प्रमाणित प्रमाण पत्रको प्रतिलिपि अर्थात सम्वन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि ,
४) विधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ,
५)पूर्ण /अति अंपागको अंपागता परिचय पत्र ,
६) नविकरणको लागी साविकको परिचयपत्र र तोकिएको अनुसुची फारम ,
७) नया परिचय पत्र प्राप्त गर्न तोकीएको अनुसुचीसहित उल्लेखित कागजातहरु ,

(तिलक विक )
नि.प्रमुख प्रशासकिय अधिकृत

नि. प्रमुख प्रशासकीय

"आधुनिक कृषि,कृषिमा आधारित उधोग पर्यटन तथा पुर्वाधार चामुण्डा विन्द्रासैनी नगरपालिका समृद्धिको आधार"
Email;info@chamundabindrasainimun.gov.np/ito.chamundabindrasainimun@gmail.com,
Website:www.chamundabindrasainimun.gov.np